नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१४८ दायर मितिः-२०८१/०७/०१**

**फैसला मितिः-२०८१/१०/२४**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **सविता देवीको जाहेरीले नेपाल सरकार..........................१** | **जिल्ला पर्सा कालिकामाई गाउँपालिका वडा नं.०४ शम्भु प्रसाद बरैको छोरा अं. वर्ष २६ को रमोद प्रसाद चौरसिया.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीले जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. जाहेरवाली श्रीमतीलाई गाली गलौज गर्दै कुटपिट समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिरेन्द्र राउत बरै समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
५. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा प्रतिवादी रमोद प्रसाद चौरसियाले ईन्कारी बयान गरेता भनि मिति २०८१।०४।०२ गते अं.१६:०० बजेको समयमा जिल्ला पर्सा कालिकामाई गाउँपालिका वडा नं.०४ स्थित मेरो श्रीमान् नाता पर्ने प्रतिवादी रमोद प्रसाद चौरसिया एक्कासी कलधारामा आई पूर्व रिसईवी राखी कुटपिट गरी अपशब्द गाली गलौज गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीले पूर्व रिसईवी राखी जाहेरवालीलाई कुटपिट गरी अपशब्द गाली गलौज गरेको तथ्य स्थापित हुन गएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी रमोद प्रसाद चौरसियालाई जरिवाना रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय र क्षतिपूर्ती रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी रमोद प्रसाद चौरसियालाई ठहरेको जरिवाना र क्षतिपूर्ती र.नं.१७६/२०८१/०९/२२ दाखिला बाट दाखिला गरेको धरौटी रकम रु.२७००/- बाट जरिवाना रकम रु.२५००/- क्षतिपूर्ती रु.२००/- कट्टी गर्नु----------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु----------------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २४ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लाथ्व नवमी, शुभम् ........